द.नं.: ३४५/०६९/०७०

"समृद्धिका लागि सहकार्य"

पान नं.: ६०१२६१११४

१३ औं

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन-२०८२

२०८२ असोज २५ गते शनिबार

आवद्धता

नेफ्स्कून

NCBL

# शुभलक्ष्मी

## बचत तथा ऋण सहकारी संस्था लि.

(Shubhalaxmi Saccos)


E-mail: shuvalaxmi.saving28@gmail.com

Web: www.shubhalaxmisahakari.com.np

भीरकोट न.पा.-१, बयरघारी, स्याङ्जा

फोन नं.: ०६३-४००१२१, ४००१२२ मो.: ९८५६०६६६२९

# शुभलक्ष्मी
## बचत तथा ऋण सहकारी संस्था लि. (Shubhalaxmi Saccos)

आवद्धता

## संचालक समिति



श्री भक्त बहादुर के.सी.
अध्यक्ष



श्री तारक बहादुर के.सी.
उपाध्यक्ष



श्री पुष्पा अधिकारी
सचिव



श्री भगवान के.सी.
कोषाध्यक्ष



श्री ईन्द्रजित गुरुङ
सदस्य



श्री जीवलाल बसेल
सदस्य



श्री अर्जुनकुमार श्रेष्ठ
सदस्य



श्री सुमित्रा कर्माचार्य
सदस्य



श्री पुर्ण बहादुर के.सी.
सदस्य

## लेखा सुपरिवेक्षण समिति



श्री नुवादत्त अर्याल
संयोजक



श्री शेषकान्त खनाल
सदस्य



श्री टोप बहादुर गुरुङ्
सदस्य



श्री लेख बहादुर के.सी.
व्यवस्थापक

फोन नं.: ०६३-४००१२१, १२२

१३औं वार्षिक साधारण सभा

## राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुलजाति भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## सहकारीका सिद्धान्तहरु:

(१) स्वेच्छिक तथा खुला सदस्यता
(२) सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण
(३) सदस्यहरुको आर्थिक सहभागीता
(४) स्वायत्तता तथा स्वतन्त्रता
(५) शिक्षा, तालिम र सूचना
(६) सहकारीहरु बीच पारस्परिक सहयोग
(७) समुदाय प्रति चासो

## आवद्धता:

नेफस्कून

स्याङ्जा शीत
भण्डार लि.
स्याङ्जा

## बचत तथा ऋणका सिद्धान्त

### क) सहकारी संरचना

(१) सदस्यको स्वामित्व
(२) सदस्यद्धारा नियन्त्रण
(३) प्रजातान्त्रिक नियन्त्रण

### ख) सदस्यलाई सेवा

(४) वित्तीय सेवा
(५) वित्तीय दिगोपना र स्थायित्व
(६) सदस्यको आर्थिक लाभमा वृद्धि

### ग) सामाजिक उत्तरदायित्व

(७) वित्तीय साक्षरता
(८) सञ्जाल सहकार्य
(९) सामाजिक उत्तरदायित्व
(१०) विश्वव्यापी परिकल्पना

द.नं. : ३४५/०६९/०७०
सहकारी ऐन २०७४ अन्तर्गत स्थापित
शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Shubhalaxmi Saving And Credit Co-operative Ltd.
भीरकोट न.पा.-१, बयरघारी, स्याङ्जा
Bheerkot-1, Bayarghari, Syangja
स्थापित: २०७० Estd. 2070

०८२।०८३
पत्र सं. Letter No.: ४८
च.नं. Ref No.:
मिति Date: २०८२/०५/२३

# तेह्रौं वार्षिक साधारण सभा सम्बन्धमा सूचना ।

महोदय,

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०८२/०५/२३ गते बसेको बैठकको निर्णय नं.१० बमोजिम यस संस्थाको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति,समय र स्थानमा हुने भएकाले यस संस्थाका सम्पुर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।यस सम्बन्धमा सदस्यज्यूहरुलाई पत्राचार,एस.एम.एस.,फोन र सामाजिक संजाल मार्फत पनि जानकारी गरिएको छ । यदी कुनै कारणवश सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति,समय र स्थान:-**

मिती:-२०८२/०६/२५ गते शनिबार
समय:-बिहानको ठिक १० बजे
स्थान:-भीरकोट १,क्षत्री समाज बहुउद्देश्यीय भवन(आँधीखोला पूलको मुख)

**प्रस्तावहरु:-**

(१)संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
(२)लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
(३)आ.व.०८१/०८२ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
(४)व्यवस्थापकको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
(५)आ.व.०८२/०८३ को नीति,कार्यत्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
(६)आ.व.०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
(७)शेयर लाभांश एवं संरक्षीत पूजी फिर्ता कोष वितरण सम्बन्धमा ।
(८)विनीयम,नितिहरु तथा आन्तरिक नियमावलीवलीहरु शंशोधन गर्ने सम्बन्धमा ।
(९)साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्ने सम्बन्धमा ।
(१०) विविध ।

नोट:-२०८१ सालको एस.ई.मा सर्वोत्कृष्ट अकं ल्याई उर्तीण हुनुहुने शेयर सदस्यको छोराछोरीहरुलाई संस्थाको तर्फबाट सम्मान गर्ने कार्यक्रम रहेकोले यही मिति २०८२/०६/१० गते सम्म सम्बन्धीत बाबुनानीहरुको लब्धाकं पत्र र शैक्षिक प्रमाणपत्रको प्रतिलिपि संस्थामा उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

लेख बहादुर के सी(किरण)
व्यवस्थापक

पुष्पा अधिकारी
सचिव

## कार्यक्रम तालिका

(क) रजिष्ट्रेसन: बिहान ९ बजे देखि ११ बजे सम्म ।

(ख)कार्यक्रम संचालन: बिहानको ११ बजे देखि २ बजे सम्म ।

| | |
|---|---|
| १. | सभाध्यक्षज्यूद्वारा आसन ग्रहण । |
| २. | समितिहरु, सल्लाहकारहरु तथा उप समितिहरुको पदाधिकारी/सदस्यहरुको आसन ग्रहण । |
| ३. | राष्ट्रिय गान र श्रद्धाञ्जली । |
| ४. | स्वागत मन्तव्य । |
| ५. | अध्यक्षज्यू मार्फत कार्यक्रमको समुद्घाटन । |
| ६. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रतिवेदन प्रस्तुती । |
| ७. | लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूद्वारा प्रतिवेदन प्रस्तुती । |
| ८. | व्यवस्थापनको तर्फबाट व्यवस्थापकज्यूद्वारा प्रतिवेदन प्रस्तुती । |
| ९. | सहकारी शिक्षा तथा प्रतिवेदन उपर आफनो भनाई सहितको शुभकामना मन्तव्य । |
| १०. | सम्मान कार्यक्रम । |
| ११. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल । |
| १२. | लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल । |
| १३. | व्यवस्थापनको तर्फबाट व्यवस्थापकज्यूद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल । |
| १४. | आ.व.०८१/०८२ को वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल । |
| १५. | विनियम २०७०,आर्थिक प्रशासन नियमावली २०७२, कर्मचारी प्रशासन नियमावली २०७२,बचत तथा ऋण नीति २०७७,लघुवित्त कर्जा नीति २०७२ को संशोधन र परिमार्जन सम्बन्धी छलफल । |
| १६. | आ.व. ०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम माथि छलफल । |
| १७. | आ.व. ०८२/०८३ को लेखापरिक्षक नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने । |
| १८. | निर्णय पुस्तिकामा दस्तखत गर्ने प्रतिनिधीहरुको चयन गर्ने । |
| १९ | धन्यवाद ज्ञापन गर्ने । |
| २०. | अध्यक्षज्यूद्वारा सभाको समापन गर्ने । |

# बिषयवस्तुः


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | संस्थाको परिचय | १-४ |
| २. | संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | ५-१२ |
| ३. | लेखा सुपरीवेक्षण समितिको तर्फबाट संयोजकज्यूको प्रतिवेदन | १३-१८ |
| ४. | व्यवस्थापनको तर्फबाट व्यवस्थापकज्यूको प्रतिवेदन | १९-२६ |
| ५. | सदस्यहरुको कर्तव्य र दायित्व | २७ |
| ६. | आ.व. ०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन | २८-३३ |
| ७. | आ.व. ०८२/०८३ को बजेट | ३४-३६ |
| ८. | खराब ऋणीहरुको विवरण | ३७-३९ |
| ९. | ऋण अपलेखन विवरण | ३९ |
| १०. | विनियम, आन्तरिक नियमावलीहरु तथा नीतिहरु संसोधनको प्रस्तावहरु | ४०-४८ |

## संस्थाको परिचय (Introduction of Organization);-

श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि."समृद्दिका लागि सहकार्य" भन्ने मुल नाराका साथ समाजमा छरलिएर रहेका स-सानो पूँजीलाई एकीकृत गरी पूँजी निर्माण गर्न र उद्यमशिलता र स्वरोजगार को विकास गरि अन्तत्वगत्वा सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक र वैयक्तिक क्षमताको विकासको लागि विशेषत २८२ जना सदस्यहरुको विशेष सकृयता र पहलबाट भीरकोट न.पा. १ हेगडाँडा निवासी श्री भक्तबहादुर के.सी. ज्यूको अध्यक्षतामा मिती २०७०/०३/०३ गतेका दिन सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ अनुसार विधीवत रुपमा डिभीजन सहकारी कार्यालय स्याङ्जामा दर्ता भएको बचत तथा ऋण सहकारी संस्था हो । यस संस्था स्याङ्जा जिल्लाको मध्ये भागमा अवस्थित ऐतिहासिक ठाँउ भीरकोट न.पा. वडा नं. १ बयरघारी सिद्दार्थ राजमार्गको मेन रोडमा अवस्थित छ । यस सहकारी संस्थाले आफ्नो कारोबार कार्यालय खोली औपचारिक रुपमा विधीवत रुपमा वि.स. २०७०/०५/२६ गते बाट शुरुवात गरेको हो । यस सहकारी संस्थाका विभिन्न लक्ष्य र उद्देश्यहरु रहेका छन् । हाल यस संस्थामा ९ सदस्यीय संचालक समिति, ३ सदस्सीय लेखा सुपरीवेक्षण समिति, सल्लाहकार परिषद,अनुगमन उप समिति,लघुवित्त व्यवस्थापन उप समिति,कर्मचारी पदपुर्ती तथा भर्ना छनौट उप समिति,लघुवित्त व्यवस्थापन उप समिति,महिला परिचालन उप समिति,सम्पत्ती खरिद तथा बिक्री उप समिति छन भने १० जना कर्मचारीहरु कार्यरत रहेका छन जस्को मिति २०८२ साल असार मसान्तरको तथ्यांक अनुशार शेयर सदस्यहरु २०६८ जना पुगेका छन ।
असार मसान्तरको तथ्यांक अनुशार शेयर सदस्यहरु २०६८ जना पुगेका छन । यस सहकारी संस्थाको कार्यक्षेत्र स्याङ्जा जिल्लाभर हो । यस सहकारी संस्थाले सदस्यहरुबाट शेयर संकलन, बचत संकलन र ऋण प्रवाहको साथै विप्रेषणको (रेमीट) कार्य गर्दै आएको छ । यस संस्थाले महिला सदस्यहरुको समुह बनाई महिलाहरुको शसक्तिकरण र उद्यमशिलताको विकास गर्नको लागि विगत १२ वर्ष देखि गाँउगाँउमा सहकारी मोडलको लघुवित्त कार्यक्रम संचालन गर्दै आएको छ जस अन्तर्गत यस कार्यक्रममा बैंक तथा वित्तीय संस्थाको पहुँच नपुगेका दुर्गम गाँउका मात्रै ५८० जना महिला दिदीबहिनीहरु जोडीनु भएको छ । यस संस्था स्याङ्जा जिल्लाकै नमूना सहकारी संस्थाको रुपमा मानीन्छ साथै छोटो समयमै ठुलो प्रगती गर्नेमा अग्रणी स्थानमा पर्दछ । भीरकोट न.पा.मा यो सहकारी संस्था अत्याधिक लोकप्रीय सहकारी संस्थाको रुपमा रहेको छ भने अर्को तर्फ यस संस्थाले धेरै व्यक्तीहरुलाई आफुप्रति आर्कषण गर्दै दरिलो र विश्वासीलो समुदायकै नमुना सहकारी संस्थाको रुपमा आफुलाई प्रमाणित गर्न सफल भएको मानिन्छ । यस सहकारी संस्थाले समुदायमा विभिन्न समयमा विभिन्न खालका सामाजिक क्रियाकलपहरु गर्दै आईरहेको छ । यस संस्थाले नाफालाई भन्दा सदस्यहरुको सेवालाई मूल लक्ष्य मानी काम गर्दै आईरहेको छ ।

कार्यक्षेत्रः स्याङ्जा जिल्ला भरी

मुल नारा (Motto):- "समृद्दिका लागि सहकार्य"

परिकल्पना (Vision):- "समृद्ध सदस्य, समुदायमा आधारित सुशासनयूक्त नमूना सहकारी संस्था ।"

ध्येय (Mission):- "सहकारीको मूल्य, मान्यता र सिद्दान्तहरु आत्म साथ गर्दै सदस्यहरुको समृद्दीको

लागि उद्यमशिलता र रोजगारीको विकास गरि सदस्यहरुलाई वित्तीय एवं अन्य सेवाहरु प्रदान गर्ने ।"

**लक्ष्य र उद्देश्यहरु (Goals & Objectives) :-**

सदस्यहरुको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमता विकास तथा समुदायको सामाजिक विकास समेतलाई ध्यानमा राखि संस्थाको लक्ष्य र उद्देश्यहरु निम्न बमोजीम निर्धारण गरिएको छ ।

(१) सदस्यहरु बीच बचत तथा ऋणको कारोबार गर्ने ।

(२) सदस्यहरुमा स्वाबलम्बन तथा ऐक्यवद्धताको भावना विकास गरि सदाचार, नैतिकता, मितव्ययिताको भावना अभिवृद्दी गर्दै पारस्परिक सहयोग तर्फ उन्मुख गराउने ।

(३) सदस्यहरुको व्यक्तीगत क्षमता विकास तथा उनिहरुको उत्पादन, व्यावसाय तथा पेशाको अभिवृद्धि हुने गरी पूँजीको परिचालन गर्ने ।

(४) सदस्यहरुको प्राथमिक आवश्कता र आयआर्जन पक्षलाई समायोजन गर्ने दृष्टीकोणले लगानी व्यवस्थापन गर्ने ।

(५) महिला सशक्तिकरणको लागि विभीन्न कार्यक्रमहरु संचालन गर्ने ।

(६) सदस्यहरुलाई बचत गर्न उत्प्रेरित गरि पूँजीको निर्माण गर्ने ।

(७) सरकारी तथा गैर सरकारी संघ संस्थाबाट ऋण लिने र आयमूलक कामहरु गर्नका लागि आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्ने ।

८) समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्तिलाई संस्थामा आवद्ध गरी उनीहरुको आर्थिक तथा सामाजिक उत्थानका लागि वित्तीय सहयोग, सीप विकास, एवम् प्रविधि हस्तान्तरणमा सहयोग गर्ने ।

९) समान उद्देश्य भएका स्थानीय, राष्ट्रिय, तथा अन्तरराष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आपसी हितको लागि सम्बन्ध राख्ने ।

(१०) आत्म निर्भरता तथा आत्मविश्वासको भावनाको विकास गर्न सदस्यहरुलाई तालीम तथा भ्रमण गराउने ।

(११) युवाहरुलाई स्वरोजगार हुने खालको कार्यक्रमहरु संचालन गर्ने ।

(१२) समुदायभित्र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, खेलकुद, पर्यावरण संरक्षण सम्बन्धी क्रियाकलाप गर्ने ।

**हाम्रो सेवाहरु** (Our services):-

**बचततर्फ (Saving Products):-**

(१) **शुभलक्ष्मी बचत** (Shubhalaxmi Saving):-

(२) **मासिक नियमीत बचत** (Regular Saving);-

(३) **समृद्दी बचत** (Sammriddhi Saving):-

(४) **नारी बचत** (Naari Saving):-

(५) **सैनिक बचत** (Soldiers Saving):-

(६) **रेमिट्यान्स बचत** (Remittance Saving):-

(७) **जेष्ठ नागरिक बचत** (Senior citizen Saving):-

(८) बाल बचत (Children Saving):-
(९) दैनिक बचत (Daily Saving):-
(१०) सरल बचत (Simple Saving):-
११) पेन्शन बचत (Pension Saving):-
(१२) आवधिक बचत (Recurring Saving):-
(१३) मुना बचत (Muna Saving):-

| अवधि | ब्याज दर | अवधि | ब्याज दर |
|---|---|---|---|
| ६ महिने | समय सापेक्ष | ३ वर्षे | समय सापेक्ष |
| ९ महिने | समय सापेक्ष | ४ वर्षे | समय सापेक्ष |
| १ वर्षे | समय सापेक्ष | ५ वर्षे | समय सापेक्ष |
| २ वर्षे | समय सापेक्ष | ६ वर्षे | समय सापेक्ष |

(१३) मुद्दती बचत (Fixed Saving):-

| साधारण मुद्दती | ब्याज दर | रेमिटेन्स/सैनिक सम्मान मुद्दती | ब्याज दर |
|---|---|---|---|
| ३ महिने मुद्दती | समय सापेक्ष | ३ महिने मुद्दती | समय सापेक्ष |
| ६ महिने मुद्दती | समय सापेक्ष | ६ महिने मुद्दती | समय सापेक्ष |
| ९ महिने मुद्दती | समय सापेक्ष | ९ महिने मुद्दती | समय सापेक्ष |
| १ वर्षे मुद्दती | समय सापेक्ष | १ वर्षे मुद्दती | समय सापेक्ष |
| २ वर्षे मुद्दती | समय सापेक्ष | २ वर्षे मुद्दती | समय सापेक्ष |
| ३ वर्षे मुद्दती | समय सापेक्ष | ३ वर्षे मुद्दती | समय सापेक्ष |

## ऋण तर्फ (Loan Products):-

(१) कृषी ऋण (Agriculture Loan):-
(२) व्यापार/व्यावसाय ऋण (Business Loan):-
(३) औद्योगिक ऋण (Commercial Loan):-
(४) घर/जग्गा खरिद ऋण (Real Estate Loan):-
(५) घर निर्माण/आवास ऋण (Housing Loan):-
(५) बैदेशिक रोजगार ऋण (Foreign Employment Loan):-
(६) शैक्षिक ऋण (Education Loan):-
(७) सवारी साधन खरिद ऋण (Hire Purchase Loan):-
(८) लघुउद्यम ऋण (Small Medium Entrepreneur Loan):-

(९) कर्मचारी ऋण (Employee Loan):-
(१०) लघुवित्त ऋण (Micro finance Loan):-
(११) सरल ऋण (Easy Loan):-
(१२) धनजमानी ऋण (Dhanjamani Loan):-
(१३) आकस्मिक ऋण (Emergency Loan):-
(१४) व्यक्तिगत ऋण (Personal Loan)

## विप्रेषण (Remittance):-

विदेश तथा स्वदेशबाट रेमीट गरि पठाईएको रकम बिना झन्झट, छिटो, सुरक्षीत र अति गोपनीयताका साथ तपसीलका रेमीटहरु मार्फत भुक्तानी प्राप्त गर्न र पठाउन हामी कहाँ तपसीलका रेमीट सुवीधाहरु रहेका छन ।

(१) आई एम ई रेमिट (IME Remit)
(२) हिमाल रेमीट (Himal Remit)
(३) वेष्टर्न युनीयन मनी ट्रान्सफर (Western Union Money Transfer )
(४) सीटी रेमीट (City Remit)
(५) सम्सरा रेमीट (Samsara Remit)
(६) जीएमई (GME Remit)
(७) मनीग्राम (Money Gram Money Transfer)
(८) ईसेवा रेमिट (Esewa Remit)
(९)आई एम ई पे रेमिट (IME Pay Remit)

# तेह्रौ बार्षिक साधारण सभा

## मितीः- २०८२/०६/२५ गते शनिवार

### सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू मार्फत प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु,लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु,प्रमुख सल्लाहकारज्यू,सल्लाहकारज्यूहरु,ऋण उप समितिको संयोजक तथा सदस्यज्यूहरु,शिक्षा उप समितिको संयोजक तथा सदस्यज्यूहरु,महिला परिचालन उप समितिको संयोजक तथा सदस्यज्यूहरु,अनुगमन उप समितिका संयोजक तथा सदस्यज्यूहरु,लघुवित्त व्यवस्थापन उप समितिको संयोजक तथा सदस्यज्यूहरु एवं विभिन्न उप समितिका संयोजक तथा सदस्यज्यूहरु,यस संस्थाका धरोहर एवं आस्थाका केन्द्र सम्पुर्ण आदरणीय शेयर सदस्यज्यूहरु,व्यवस्थापक लगाएत व्यवस्थापनका सम्पुर्ण कर्मचारी भाई बहिनीहरु,यस सभामा उपस्थित सम्पुर्ण महानुभाव तथा संचारकर्मी मित्रहरु, सुरक्षाकर्मीज्यूहरु सबैमा यस संस्थाको तर्फबाट हार्दिक न्यानो स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

"समृद्दीको लागि सहकार्य" भन्ने मुल नाराका साथ सहकारीको मूल्य,मान्यता र सिद्दान्तका अधिनमा रही वि.सं.२०७० अषाण ३ गते डिभीजन सहकारी कार्यालय स्याङ्जामा विधीवत दर्ता भई वि.सं.२०७० भाद्र २६ गतेबाट भीरकोट १,बयरघारीमा कार्यालय स्थापना गरि आदरणीय सदस्यज्युहरुको माया,ममता,विश्वास र भरोसाले निरन्तर रुपमा कार्यालय सचांलन गर्दै आज हामी १२ वर्ष पुरा गरि १३ औ वर्षमा सफलताका साथ भीरकोटमा अग्रणी सहकारी संस्थाको रुपमा आफुलाई स्थापीत गराउदै समुदायको पहिलो रोजाईको सहकारी बन्न सफल बनेका छौ।सदस्यहरुको आर्थिक,सामाजिक तथा सास्कृतिक उद्देश्य परिपुर्तीको लागि नै यस सहकारी संस्थाको जन्म भएको हो र त्यसैको लागि आज पनि हामी सामुहिक रुपमा एकताबद्द भई एकको लागि सबै र सबैको लागि एक भन्ने सहकारीको मूल नारालाई केन्द्रबिन्दु मानी हामी हाम्रा भावना,विचार,कर्म र सपनाहरु एक अर्कासगँ साट्दै एउटा विशाल परिवार बनेका छौं ।संस्थालाई यहाँसम्म आजको अवस्थामा ल्याई पुराउन आदरणीय सदस्यज्यूहरु,अग्रजहरु तथा सल्लाहकारज्युहरुको महत्वपूर्ण योगदान रहेको छ ।यस घडीमा ति सम्पुर्ण सहयोगी मन र हृदयहरु प्रति संस्थाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै सहयोग र हार्दिकतापुर्ण सम्बन्धको निरन्तरताको अपेक्षा पनि गर्दछु ।हामीले सुशासन,पारदर्सीता र जवाफदेहीता लाई आत्मसाथ गरि संस्थालाई मुनाफा केन्द्रीत भन्दा पनि हाम्रा सदस्यज्युहरु तथा आम नागरिक बीच विश्वासीलो,भरपर्दो,दिगो,प्रविधीमैत्री,छिटोछरितो,सर्वसुलभ र गुणस्तरीय सेवा प्रदायक सहकारीको रुपमा विकास गर्न चाहन्छौं र त्यसै अनुरुप अगाडी बढीरहेको पनि जानकारी गर्दछु ।

देशमा अस्थिरता र आर्थिक शिथिलता कायमै छ ।अर्थतन्त्रको आकार र विस्तारमा संकुचन जारी छ ।मन्दी र युवा विदेश पलायन हाम्रो लागि हाम्रा विशेषता नै बन्न पुगेका छन् ।धेरै मानिस निरास,असुरक्षा र जोखिममा छन,भवीष्यप्रति चिन्तीत छन् ।मन्दी र असुरक्षाले गर्दा उत्पादनसिल क्षेत्रले आत्मबल गुमाएको छ यसको असर ऋण मागमा अत्यन्तै सुस्तता आएको छ ।असुलीमा पनि उत्तीकै चुनौती थपीएको छ ।अधिक तरलताले बचत र ऋणको ब्याजदर निरन्तर ओरालो झरेको छ जस्ले अस्थिरतालाई मलजल गरिरहेको छ। हामीले संस्था

संचालन गर्दा सहकारीको ऐन,कानुन र मापदण्ड लाई बिर्सीएका छैनौं,सदस्य र समाज केन्द्रीयतालाई भुलेका छैनौं,यस सहकारी संस्था स्थापनाको मूल उद्देश्य र लक्ष्यलाई छोडेको छैनौं यसर्थ देशमा जतीसुकै र जत्रासुकै आँधीबेहरी,सकंट र चुनौती आएता पनि हामीले सदस्यहरुको माया,ममता,भरोसा र विश्वासको माध्यमबाट चुनौतीहरुसगँ सामना गर्न सफल छौ भन्ने कुरा पनि यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु ।आ.व.०८१/०८२ अन्तर्गत देशमा देखापरेको सकंट,अस्थिरता र शिथीलताका कारण त्यसको असर सहकारी क्षेत्रमा पनि पर्न गयो ।त्यसबाट हामी पनि अछुतो रहन सकेनौ जुन स्वभाविक पनि थियो ।देशको पछील्लो सहकारी प्रतिकुल अवस्था साथै सहकारी नियमन प्राधिकरण तथा नेपाल राष्ट्र बैकंबाट जारी पछील्लो कानुनले पनि हाम्रा आर्थिक गतिविधीलाई प्रत्यक्ष असर गर्‍यो जस्ले आ.व. ०८१/०८२ को मुनाफालाई घटाएको छ ।यसैले यस वर्ष केही सुचाङ्क बाहेक हाम्रो धेरै सुचाङ्क ऋणात्मक हुन गएका छन ।आ.व.०८१/०८२ सामनाको वर्ष रहयो र आ.व.०८२/०८३ को वर्ष पनि चुनौतीहरुसगँ  सामना गर्नुपर्नेमा नै हामी केन्द्रीत हुनुपर्नेछ भन्ने हामी निश्चीत छौ र त्यसको लागि हाम्रो योजना र पूर्ण तयारी रहेको छ र यो सघंर्षको घडीमा सबैलाई एकजुट हुन,संस्थालाई आवश्यक सल्लाह सुझाव दिन,आफ्नो सम्पुर्ण वित्तीय कारोबार यसै संस्थासँग गर्न,एउटा ईमान्दार र निष्ठावान सदस्यको कर्तव्य पुरा गर्न पनि आम सदस्यज्युहरुमा यो ऐतिहासिक सभा मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु । सदस्यहरुको समृद्दी हाम्रो गन्तव्य हो ।गन्तव्य पछ्याउदै हामी निरन्तर अगाडी बढीरहेका छौं ।एउटा जिवन्त संस्थामा उतारचढावहरु स्वाभाविक हुन यसलाई हामीले अन्यथा लिएका छैन यो कुनै नौलो विषय रहेन मुख्य विषय हाम्रो लक्ष्य अर्थात गन्तव्यको लागि लिएको बाटो ठिक छ की छैन भन्ने नै हो यसर्थ हामीले लिएको बाटो सहकारी मार्फत सदस्यको समृद्दी यो सम्भव थियो धेरैलाई हामी मार्फत समृद्दीको लागि जग दिन सफल भएका छौ,प्रतिस्पर्धी वित्तीय संस्थाको एउटा भरपर्दो अब्बल विकल्पको रुपमा समाजमा स्थापीत छौ,उत्पादनको क्षेत्रमा यस संस्थाले नवीन विचार र जग दिन सफल भएका छ,गाँगाँउमा हामी मार्फत वित्तीय सेवा र साक्षरता फैलाउन सफल भएका छौ,वास्तविक सहकारीता के हो त्यो बुझ्नको लागि हामी विशुद्द एउटा अतिउत्तम पाठशाला बन्न सफल भएका छौं,सदस्यहरुको अप्ठेरो परेको बेला टेको बनेका छौं,सीर्जनशीलता तथा उद्यमशिलताको क्षेत्रमा हामी धेरै सदस्य माझ प्रेरणा बनेका छौं यसर्थ हामी लिएको गन्तव्य र सोका लागि हिडेको बाटो ठिक छ भन्नेमा हामीले पार गरेको हाम्रो विगत,वर्तमान र प्रमाणले पुष्टी गरेको छ यसकारण सहकारीता र समृद्दीको लागि हामीले चालेको कदम र बनाएको योजना सफलतान्मुख छन् जस्को श्रेय म सम्पूर्ण आदरणीय सदस्यज्यूहरुमा दिदै हार्दिक बधाई र धन्यवाद दिन चाहन्छु ।अब म सम्मानीत सभामा आ.व.०८१/०८२ को वित्तीय तथा गैह्र वित्तीय गतिविधीहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय शेयरधनी महानुभावहरु,

१) वित्तीय गतिबिधि:

| क्र.सं. | विवरण | यस वर्ष | गत वर्ष | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर | २,००,००,३००/- | १,९८,६२,८००/- | ०.६९% |
| २ | बचत | १९,५८,०१,९९५/- | २१,२०,८५,८९५/- | -७.६८% |
| ३ | ऋण | १४,५१,२१,६६६/- | १५,४५,६०,५४२/- | -६.११% |
| ४ | जगेडा कोष | ३,३५,३५,४०२/- | ३,१२,८८,८९६/- | ७.१८% |
| ५ | बचत (मुनाफा) | ३६,८१,८१७/- | ८९,७१,४३३/- | -५८.९६% |
| ६ | सदस्य संख्या | २०६८ | २०४३ | १.२२% |
| ७ | ऋणी संख्या | ३५८ | ४८३ | -२५.८८% |
| ८ | ऋणले भाखा नाघेको प्रतिशत | ६.७३% | ४.८३% | ३९.३४% |
| ९ | जम्मा कर्मचारी संख्या | १० | १० | ०.००% |
| १० | बैङ्क तथा नगद मौज्दात | ४,३३,८५,७९०/- | १२,२१,०६,७९३/- | -६७.४७% |
| ११ | तरलता प्रतिशत | २२.१६% | ५७.५७% | -६१.५१% |
| १२ | कुल वासलात | २६,२८,९७,३४६/- | २८,५८,६७,८९२/- | -८.०४% |

(२)तालीम,गोष्ठी तथा भ्रमण:-

यस संस्थाबाट यही मिति २०८२ बैशाख १९ र २० गते गरि २ दिन सल्लाहाकारहरु,संचालक,लेखा समिति,उप समितिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्दी गर्ने उद्देश्यले दुई दिने सहकारी तालीम संस्थाको आफ्नै कार्यालयमा संचालन भएको थियो जस अन्तर्गत ३६ जनाको उपस्थिती रहेको थियो ।साथै यही मिति २०८२ जेठ १७ गते आ.व.०८२/०८३ को लागि वार्षिक निति,योजना,कार्यक्रम र बजेट तर्जुमाको लागि एक दिने गोष्ठी कार्यक्रम राखिएको थियो जस अन्तर्गत २२ जनाको उपस्थिती रहेको थियो ।भ्रमण अन्तर्गत संस्थाले यही मिति २०८१ चैत्र ८ देखि १० गते सम्म सदस्यहरुलाई धार्मिक भ्रमण गराउने उद्देश्यले बाग्लुङ्को पञ्चकोट,बाग्लुङ्ग भगवती कालीका मन्दीर र मुस्ताङ्ग जिल्लाको मुक्तीनाथ मन्दीरको धार्मिक तथा अवलोकन भ्रमण गराएको थियो जस्मा संचालक र सदस्य गरि ३४ जनाको सहभागीता रहेको थियो ।साथै विशुद्द सहकारी सिकाईमुलक भ्रमण गर्ने उद्देश्य सहित यही मिति २०८२ जेठ ८ र ९ गते पोखराको संगम साकोस,पोखरा रोयल साकोस र नवलपुरको विकु साकोसको अवलोकन भ्रमण गरिएको थियो जस्मा प्रमुख सल्लाहकार,संचालक,लेखा समिति र कर्मचारी गरि जम्मा १७ जनाको उपस्थिती रहेको थियो ।

(३)पछिल्लो साधारण सभाः–संस्थाको बाह्रौं वार्षिक साधारण सभा मिति २०८१असोज ३ गते शनिबारका दिन तमु समाज भवनमा गत २०८१ असार मसान्तरमा कायम शेयर सदस्यहरु २०४३ मध्ये पुरुष २७३ र महिला ८३० गरि जम्मा ११०३ जनाको उपस्थितीमा बहुमत प्रतिशत ५३.९९ हुने गरि विधीवत रुपमा सम्पन्न गरिएको थियो ।उक्त सभालाई सफलता पूर्वक सम्पन्न गराउनु भएकोमा सम्पूर्ण सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

(४)सुरक्षा सेवा(बिमा):–

संस्थाको कारोबारको सुरक्षालाई ध्यानमा राखी ढुकुटी,ट्रान्जीट र काउन्टरको नगद सम्बन्धी जोखिम कम गर्नको लागि आईजिआई प्रुडेन्सीयल बिमा लि.सगँ १५ लाखको बिमा गरिएको छ ।संस्थाको सुरक्षालाई मध्येनजर गरि सुरक्षीत गराउन एक जना रात्रीकालीन सुरक्षा गार्डको व्यवस्था समेत गरिएको जानकारी गर्दछु ।

(५) संस्थामा विद्यमान नीति,निर्देशिका र कार्यविधीहरुः–

(क)विनियम २०७० (ख) बचत तथा ऋण नीति २०७७(ग)आर्थिक प्रशासन नियमावली २०७२ (घ)कर्मचारी प्रशासन नियमावली २०७२ (ङ)लघुवित्त कर्जा नीति २०७२ (च)सम्पत्ती शुद्दीकरण निवारण सम्बन्धी कार्यविधी २०७७ (छ) निर्वाचन कार्यविधी २०७९ (ज) सदस्यता कार्यविधी २०८०

(६) सदस्यको दुखमा भेटघाट कार्यक्रमः–

सदस्यहरुको परिवार भित्र दुख र अप्ठेरो पर्दा यस संस्थाबाट आवश्यक सहयोग सहित समितिको तर्फबाट भेटघाट गरि समवेदना दिने कामलाई निरन्तरता दिएको पनि सम्मानीत सभामा जानकारी गर्दछु ।

(७)सम्मान कार्यक्रमः–

विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि उत्कृष्ट कृषक,उत्कृष्ट ऋणी सदस्य,उत्कृष्ट कर्मचारी,उत्कृष्ट लघुवित्त केन्द्र र यस वर्ष देखि सदस्यहरुको छोराछोरीहरुले पछील्लो एस.ई.परिक्षामा उत्कृष्ट अकं ल्याउने प्रथम,द्वितीय,तृतीय र सान्तवना गरि जम्मा ४ जनालाई संस्थाको तर्फबाट सम्मान गर्ने कार्यक्रमलाई थप गरि सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छ ।

<u>आदरणीय शेयर सदस्य महानुभावहरु अब म आगामी बर्षको लागि सम्मानीत सभामा म प्रस्तावहरु पेश गर्ने अनुमती चाहान्छु ।</u>

<u>प्रस्तावहरु,</u>

(१) संस्थाको संचालक समितिको मिति २०८२/०६/०८ गतेको निर्णय नं.४ बमोजिम संरक्षीत पुँजी फिर्ता कोषको ५० प्रतिशत रकम गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २० अनुशार वितरण गर्नका लागि प्रस्ताव गर्दछु ।साथै शेयर लाभांश कोषबाट ५.२७ प्रतिशत शेयर लाभांश वितरणको लागि प्रस्ताव गर्दछु ।

(२)देशको सम्बन्धीत ऐन कानुन अनुशार यस संस्थाको नियम कानुनहरु पनि परिमार्जन र अद्यावधिक गर्नुपर्ने भएकोले सोही अनुशार यस संस्थाको संचालक समितिको मिति २०८२/०६/०८ गतेको निर्णय नं.४ बमोजिम यस संस्थाको विनियम २०७०,कर्मचारी प्रशासन नियमावली २०७२,आर्थिक प्रशासन नियमावली २०७२,बचत तथा ऋण नीति २०७७,लघुवित्त कर्जा नीति २०७२ को केही दफाहरु शशोधन तथा केही उपदफा थप गर्ने भन्ने नितिगत व्यवस्था छलफल गरि स्विकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

(विनीयम को दफा २को क, दफा ९ मा ३ थप गर्ने,दफा १२ मा झ र ञ थप गर्ने, दफा १८ को २,दफा २१ को ४ र २१ मा उपदफा ९ थप गर्ने, दफा २२ को ४ र ५,दफा २४ को १, दफा २४ को १,दफा २५ मा उपदफा ११ थप गर्ने,दफा २६को ३,दफा २७ को १, दफा २९ को ४र ५,दफा ३० को ज,दफा ३१ को १ को घ र २,दफा ३७ को ३ को छ,दफा ३८ को १,दफा ३९,दफा ४२ को १,दफा ४४को १,दफा ४५को १,दफा ५२ को १,२,४ र ५,दफा ६१,दफा ६४ को १,दफा ७६ को २ शंशोधन र परिमार्जन तथा केही उप दफा थप गर्ने,कर्मचारी प्रशासन नियमावली २०७२ को दफा २ को ज,दफा ७ को २ र ६,दफा ८,दफा ९ को १,दफा १० को ख,दफा १८ को ५,दफा २९ को १,दफा ३२ को १ ,दफा ३७ को क,दफा ५८ को १ र २,दफा ६२ को २ शंशोधन गर्ने साथै आर्थिक प्रशासन नियमावलीको २०७२ को दफा २ को झ,दफा २१ को १,दफा २२ को १,दफा दफा २५ को ४ को घ,दफा २८ को २,दफा ३१ को १,दफा ६६ को १ र २,बचत तथा ऋण नीति २०७७ को १७.१.२ को ख, १८.१ को ग, १८.१ को घ, १८.२ मा छ ,ज , झ र ञ थप्ने, १८.६ को ग, १९.१ को ख, १९.१ मा ट थप गर्ने, १९.३ को क, दफा १९.५.२ को ङ को आ संशोधन गर्ने लघुवित्त कर्जा नीति २०७२ को दफा ४९ को ३ दफाहरु संशोधन र केही दफा उप दफा थप गर्ने यस सम्बन्धमा यसै प्रतिवेदनमा पछाडी संलग्न गरिएको छ)

(३)सचालक समितिको मिति २०८२/०३/०७ गते निर्णय नं.१० बमोजिम आ.व.०८२/०८३ को लागि स्विकृत बजेट,नीति तथा कार्यक्रम जुन व्यवस्थापकबाट प्रस्तुत हुदै छ सो बजेट,नीति तथा कार्यक्रम आवश्यक छलफल गरि स्विकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

(४)यस संस्थाको आ.व.०८१/०८२ को लेखापरिक्षण एफ.सि.ए.डा.सुनील देवकोटा मार्फत गरिएको जानकारी गर्दै आ.व.०८१/०८२ को लेखापरिक्षण छलफल गरि अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

(५)संचालक समितिको मिति २०८२/०६/०८ गतेको निर्णय नं.५ बमोजिम प्रतिव्याक्ती ऋणको अधिकतम सिमा रु ५०,००,०००/-बाट रु८०,००,०००/-(अक्षरुपी असी लाख रुपैया मात्र) बनाउने र अधिकतम समय १० वर्षको लागि तोक्ने भन्ने निर्णय स्विकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

(६)यस संस्थाको कार्यलाई बृहत बनाऊन उपयुक्त संस्था पाएमा त्यस्तो संस्थालाई यस संस्थामा गाभ्ने(मर्जर) सम्बन्धी प्रस्तावलाई सर्बसम्मतीले पारित गर्न अनुरोध गर्दै सो सम्बन्धमा गर्नुपर्ने आबश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्न समेत अनुरोध गर्दछु ।

(७)संस्थाले समयसापेक्षताको सिद्दान्तलाई अनुशरण गर्दै संचालक समितिले मिति २०८१/०४/१९ को निर्णय नं.७ र १४,मिति २०८१/११/०५ को निर्णय नं.१३,मिति २०८१/१२/२ को निर्णय नं.८,मिति २०८२/०३/०१ को निर्णय नं.५,मिति २०८२/०४/३ को निर्णय नं.८ र मिति २०८२/०५/२३ को निर्णय नं.१४ बमोजिम बचत तथा ऋण अन्तर्गत ब्याजदरमा गरिएको फेरबदल लाई यसै सम्मानीत सभाबाट अनुमोदन गर्न अनुरोध गर्दछु ।

(८) यस सहकारी संस्थालाई आवश्यक परेका बेला बिभिन्न सरकारी सघं संस्था,गैर सरकारी सघं सस्था र बैङ्क तथा वित्तिय संस्थाहरुबाट ऋण,सहयोग र अनुदान लिनका लागि आवश्यक सम्पुर्ण अख्तियारी यस संस्थाको संचालक समितिलाई प्रदान गर्न अनुरोध गर्दछु ।

(९)संचालक समितिको विभीन्न मितिमा बसेका बैठकले यस संस्थाका केहि ऋणी सदस्यहरुलाई हर्जनामा छुट दिने भन्ने निर्णय बमोजिम संचालक समितिको मिति २०८२/०६/०८ को निर्णय नं.७ बमोजिम उल्लेखित ऋणी सदस्यहरुलाई मिति २०८१/०४/०१ देखि मिति २०८२/०३/३२ गते सम्म हर्जनामा दिएको छुटको कुल रकम रु१४,२५,९६५.०३(अक्षरुपी चौध लाख पच्चीस हजार नौ सय पैसठ्ठी रुपैया तीन पैसा मात्र) अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

(१०)यस संस्थाको लागि सम्पत्ती खरिद बिक्री उप समिति र संचालक समीतीले विभीन्न मितिमा निर्णय गरिए बमोजीम आ.व.०८१/०८२ अन्तर्गत खरिद गरिएका विभीन्न सम्पत्तीहरु तथा बिक्री गरिएको विभीन्न सम्पत्तीहरुको अनुमोदनको लागि अनुरोध गर्दछु ।

(११)यस संस्थाको संचालक समितिको मिति २०८२/०४/३० को निर्णय नं.१ बमोजिम चापाकोट २(साबीकको चापाकोट ८)निवासी सरस्वती वि.क.लाई निजको आर्थिक अवस्था अत्यन्तै कम्जोर भएकोले निजलाई ब्याज रु४,८३,०२०.२८ र हर्जनामा रु१,२८,८०५.४० पूर्ण छुट दिने निर्णय अनुमोदन गर्न अनुरोध गर्दछु ।

(१२)आ.व.०८२/०८३ को लेखापरिक्षण गर्न नयाँ लेखापरिक्षकको नियुक्त र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्दछु ।

(१३)आ.व.०८१/०८२ मा यस संस्थामा सदस्यताका लागि निवेदन दिएका र संचालक समितिबाट स्विकृत भएको निर्णय साधारण सभाबाट पनि अनुमोदनका लागि अनुरोध गर्दछु ।

(१४)संचालक समितिको मिति २०८१/१०/०५ को निर्णय नं.१५ बमोजिम सामुदायिक विकास कोषबाट क्षत्री समाज नेपाल भीरकोट नगर कार्यसमितिलाई क्षत्री समाज बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि रु५०,००५/-(अक्षरुपी पचास हजार पाँच रुपैया मात्र)आर्थिक सहयोग गर्ने भनि गरेको निर्णय र मिति २०८१/११/०५ को निर्णय नं.१४ बमोजिम कालीका पुस्तकालयलाई २०८१ सालको तिज गित प्रतियोगीता संचालनको लागि रु ५,००५/-(अक्षरुपी पाँच हजार पाँच रुपैया मात्र)आर्थिक सहयोग गर्ने भन्ने निर्णय पनि अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

(१५)यस संस्थाको संचालक समितिको मिति २०८२/०३/०१ को निर्णय नं. ३ बमोजिम सैनिक सम्मान योजना अन्तर्गत ३ महिना देखि ३ वर्ष सम्मको लागि सैनिक सम्मान मुद्दती खाता संचालन गर्ने भन्ने निर्णय र सोही दिनको निर्णय नं.४ बमोजिम मुना बचत योजना लागू गर्ने भन्ने निर्णय अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

(१६)संस्थाको लागि उपयुक्त स्थानमा जग्गा लिन तथा भवन निर्माण गर्न आवश्यक अख्तियारी यसै संचालक समितिलाई प्रदान गर्नुहुन अनुरोध गर्दछु ।

(१७)संचालक समितिले आ.व.०८१/०८२ अन्तर्गत र हाल सम्म गरेका सम्पुर्ण निर्णयहरु सर्वसम्मत स्विकृत गर्न अनुरोध गर्दछु।

**संस्थाको भावी कार्यक्रम र योजनाहरु:**

(१)संस्थालाई मुनाफामा भन्दा सदस्यहरुको सेवामा बेशी जोड दिईनेछ ।

(२)सदस्यहरुलाई सहुलिएत दरमा उत्पादनमुलक क्षेत्रमा ऋण प्रवाह गरिनेछ ।

(३)केही अस्पतालहरुमा सम्झौता गरि सदस्यहरुलाई छुटको व्यवस्था मिलाईनेछ ।

(४)सदस्यहरुको जन्म देखि मृत्यु सम्म हरेक महत्वपुर्ण समयमा संस्थागत प्रतिनिधीत्व गरिनेछ ।

(५)निश्कृय सदस्यहरुलाई सकृय बनाउने कार्यमा जोड दिईनेछ ।

(६)सदस्यहरुको मासिक नियमीत बचतलाई जोड दिईनेछ ।

(७)संस्थालाई उपयुक्त स्थानमा जग्गा लिने र भवन निर्माण गर्ने योजनालाई यो वर्ष पनि कोशीष गरिनेछ ।

(८)संस्थाका खर्चहरुमा मितव्ययिता अपनाईनेछ ।

(९)सहकारी लघुवित्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी संचालनमा जोड दिईनेछ ।

(१०)ऋण असुलीमा विशेष योजना सहित लागीनेछ ।

(११)पदाधिकारीहरु र कर्मचारीहरुलाई विभीन्न विषयगत तालीमहरु संचालन गरिनेछ ।

(१२)सदस्यहरुको बचतको पुर्ण सुरक्षा सहित उचीत प्रतिस्पर्धात्मक ब्याज दिईनेछ ।

(१३)लघुवित्त केन्द्रहरुको केन्द्र प्रमुख र सचीवहरुको आवश्कता अनुशार बेलाबेलामा गोष्ठी राखीनेछ।

(१४)लघुवित्तमा आवद्ध सदस्यहरु,उद्यमी सदस्यहरु र जेष्ठ सदस्यहरुलाई बेलाबेलामा विभीन्न तालीमहरु र भ्रमणको व्यवस्था मिलाईनेछ ।

(१५)कृषक सदस्यहरुलाई विभीन्न समयमा नियमीत रुपमा सशुल्क तथा निशुल्क विभीन्न किसीमका बिउबिजनहरु बितरण गरिनेछ ।

(१६)संस्थाको सम्पत्ती,पूँजी र सदस्य संख्यामा क्रमिक रुपमा बृद्दी गर्द लगिनेछ ।

(१७)सदस्यहरुको आवश्कता र मागलाई ध्यानमा राखी संस्थाको सेवा सुवीधाहरु सदस्य केन्द्रीत बनाई संस्था संचालनमा जोड दिईनेछ ।

(१८)सञ्चालक,लेखा,ऋण तथा अन्य उप समिति र कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

(१९)सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

(२०)सञ्चालक,शेयर सदस्यहरु र कर्मचारीहरुलाई आवश्कता अनुशार अध्ययन अवलोकन तथा तालीमको लागि स्वदेश तथा विदेशको भ्रमणको आयोजना गरिनेछ ।

(२१)असल ऋणी सदस्यहरुलाई प्रत्येक वर्ष ब्याजमा छुट दिईनेछ।भने ऋणीहरुको वर्गीकरण गरि विविध सुवीधाहरुको व्यवस्था गरिनेछ ।

(२२)संस्थामा समयसापेक्ष नवीनतम प्रवीधी भित्राई संस्थालाई प्रवीधीमैत्री बनाई सदस्यलाई आधुनिक सुवीधा प्रवाह गरिनेछ ।

अन्त्यमा यस सहकारीको प्रगतीमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण आदरणीय शेयर सदस्यज्यूहरु तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।संस्थालाई सफलताको सिढीमा चढाउन सहयोग गर्नुहुने संचालक समितिका मित्रहरु,लेखा सुपरिवेक्षण समिति,विभिन्न उप समितिका मित्रहरु,कर्मचारी भाईबहिनीहरु,सम्पुर्ण शेयर सदस्यज्यूहरु,सल्लाहकारज्यूहरु,राष्ट्रिय सहकारी महासघं, नेफ्स्कुन,राष्टीय सहकारी बैङ्क लि.,गण्डकी प्रदेश सहकारी मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधीकरण,सहकारी विभाग,जिल्ला प्रशासन कार्यालय स्याङ्गजा,जिल्ला सहकारी सघं स्याङ्गजा,जिल्ला बचत तथा ऋण सहकारी सघं स्याङ्गजा,भिरकोट न.पा.को कार्यालय तथा सम्पुर्ण वडाहरु,स्याङ्गजा,कास्की र वालीङ्गको मालपोत कार्यालहरु,प्रहरी कार्यालयहरु,विभिन्न रेमीट्यान्स कम्पनीहरु,विभिन्न बैङ्क तथा वित्तिय संस्थाहरु,धितो मुल्याकंनका प्राविधीकहरु,घर धनी साथै यस संस्थाको सफलताको कामना गर्नुहुने सम्पुर्ण शुभचिन्तक महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै मैले पेश गरेका प्रतिवेदन र यसका प्रस्तावहरु साथै यस पश्चात लेखा सुपरिवेक्षण समिति,व्यवस्थापकबाट प्रस्तुत हुने प्रतिवेदनहरु र आ.व.०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन प्रती सम्पुर्ण शेयर सदस्यज्यूहरुको ध्यानाकर्षण गराउदै आफनो अमुल्य राय र सुझाव सहित स्विकृत तथा अनुमोदन गरिदिनुहुन म विनम्र अनुरोध गर्दै यही भाद्र २३ र २४ गतेका दिन जेयनजीहरुले देशमा व्याप्त भ्रष्टाचार र बेथिती बिरुद्दको गरेको आन्दोलनमा परि ज्यान गुमाउने शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै परिवारमा गहिरो समवेदनाका साथ घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहित बिदा हुन चाहन्छु ।

धन्यवाद । जय सहकारी । जय शुभलक्ष्मी सहकारी ।।

.........................

भक्त बहादुर के.सी.
अध्यक्ष

## तेह्रौँ बार्षिक साधारण सभा २०८२
## लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट संयोजक श्री नुवादत्त अर्यालज्यूद्धारा प्रस्तुत
## आ.व २०८१/०८२ को वार्षिक प्रतिवेदनः-

श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को तेह्रौँ वार्षिक साधारण सभाका सभा अध्यक्ष ज्यू,संचालक समितिका सम्पुर्ण पदाधिकारी तथा सदस्यज्यूहरु,सल्लाहकारज्यूहरु,लेखा तथा सुपरिवेक्षण समितिका मेरा मित्रहरु,ऋण उप समिती,शिक्षा उप समिति,महिला परिचालन उप समिति,अनुगमन उप समिति,लघुवित्त व्यवस्थापन उप समिति तथा अन्य विभीन्न उप समितीका संयोजक,लघुवित्त केन्द्रका प्रमुखज्यूहरु,आदरणीय शेयरसदस्यज्यूहरु,कर्मचारी भाईबहिनीहरु,सञ्चारकर्मी,सुरक्षाकर्मी एवं साधारण सभामा उपस्थित मान्यजन सम्पुर्णमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

लेखा तथा सुपरिवेक्षण समिति सहकारी संस्थालाई सुशासन र विकासमा संचालन गर्न आवश्यक सल्लाह,सुझाव र मार्गदर्शन गर्ने एउटा महत्वपुर्ण अगं हो ।सहकारी संस्थामा भए गरेका काम कारबाही र निर्णयहरुको समिक्षा गरि त्यसको सत्य तथ्य प्रतिवेदन आदरणीय सदस्यज्युहरुमा ल्याउनु हाम्रो समितिको कर्तव्य पनि हो ।हामीले हाम्रो आफ्नो कार्यभार सम्हाले पश्चात नियमीत चौमासिक बैठक बसि संस्थाको आन्तरिक परिक्षणको कामलाई सम्पादन गर्दै आईरहेका छौँ ।यस क्रममा हामीले आन्तरिक एवं बाह्य लेखापरिक्षक,संचालक समिति र उच्च व्यवस्थापन सगँ समय समयमा छलफल र बैठक समेत राखी यस भित्रका समग्र पक्षको अध्ययन समेत गरेका छौँ ।आज म यस सम्मानित सभामा यस संस्थाले आर्थिक वर्ष ०८१/०८२ मा गरेको कारोबारको लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट निरीक्षण गरि प्राप्त कैफियत,टिप्पणी तथा सुझावलाई गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ४६ सगँ सम्बन्धीत रहेर यस गरिमामय तेह्रौँ वार्षिक साधारण सभामा यो प्रतिवेदन प्रस्तुत गरेको छु ।

१.सहकारी संस्थाको संक्षीप्त विवरणः-

संस्थाको नामः-श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

ठेगानाः-भीरकोट १,बयरघारी,स्याङ्जा

कार्यक्षेत्रः-भीरकोट न.पा.,पुतलीबजार न.पा.,वालीङ्ग न.पा.,गल्याङ्ग न.पा.,चापाकोट न.पा.,हरिनास गा.पा.बिरुवा गा.पा. र अर्जुनचौपारी गा.पा.वडाहरु १,२,३,४,६,फेदीखोला गा.पा.वडा नं.१,२,३,४,आधीखोला गा.पा.१,२,५,६ र कालीगण्डकी गा.पा.वडाहरु ५,६,७

संस्थाले गर्ने मुख्य कारोबारः-बचत तथा ऋण

अन्य गतिविधी तथा कारोबारः-विप्रेषण,समुह बचत तथा ऋण,परामर्श र सामाजिक गतिविधीहरु ।

(२)अघिल्लो साधारण सभाका निर्णयहरुको कार्यान्वयनको अवस्थाः-

२.१ मर्जर नीति लिए पनि कुनै पनी संस्थालाई यस संस्थामा गाभेको देखिदैन।

२.२ जग्गा लिने भनिएतापनि जग्गा खरिद गरेको देखिदैन ।

२.३ सकार गरेको सम्पत्तीहरु लिलामी बिक्री गर्ने भनिएतापनि बिक्री गरेको देखिदैन ।

२.४ बाँकी सम्पुर्ण निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिन्छ र केही कार्यान्वयको चरणमा रहेको देखिन्छ।

(३) आ.व.०८१/०८२ मा बसेको सञ्चालक समितिको बैठक संख्या,निर्णयहरु र सोको कार्यान्वयनको अवस्थाः-

आ.व.०८१/०८२ मा सञ्चालक समितिको २१ वटा बैठकहरु र २३६ वटा निर्णयहरु गरेको पाइयो ।बैठकका प्राय सबै निर्णयहरु कार्यान्वयन भएको पाइयो तथा केही कार्यान्वयनको चरणमा रहेको पाईयो ।गणपुरक संख्याको अभावमा कुनै पनि बैठक स्थगीत भएको देखिएन ।साथै लेखा तथा सुपरिवेक्षण समितिको औपचारिक बैठक ४ वटा र निर्णयहरु २६ वटा भएका छन भने अनौपचारिक बैठक आवश्कता अनुशार विभीन्न समयमा बसेको पनि जानकारी गराउदछु ।समिति तथा उप समितिले गरेका अधिकाशं निर्णयहरु समयमै नै कार्यान्वयन भएको छ।

(४)कर्जा लगानी प्रकृया,कर्जा बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :-

४.१ सर्वप्रथमत आ.व.०८१/०८२ मा ऋण उप समितिको बैठक १०१ वटा बसी १४४ वटा निर्णय गरिएको पाईयो ।संस्थामा बचत परिचालन तथा ऋण निती २०७७ रहेको र सो निती कार्यान्वयनमा रहेको पाईयो ।ऋण लगानी गर्दा संस्थामा प्रथमत ऋण विभागले ऋणको लागि आवश्यक सम्पुर्ण कागजातहरु संकलन गरि सो पश्चात व्यवस्थापकले अध्ययन अनुसन्धान गरि नपुग कागजातहरु र विवरणहरु थप गरि व्यवस्थापक र ऋण उप समिति सहितको टोलीले धितो र परियोजना स्थलको स्थलगत निरीक्षण गरि प्राविधिक मुल्याकंन गराई मूल्यांकन प्रतिवदेन तथा समग्रमा 5C को आधारमा उच्च व्यवस्थापनले ऋण सिफारिस गरे पश्चात ऋण उप समितिले निर्णय गरि सम्वन्धित कार्यालयबाट धितो बन्धक तथा रोक्का राखी ऋण प्रवाह गरेको छ । संस्थाले हाल सम्म ऋण प्रवाह गर्दा धितो स्वरुप घर, जग्गा तथा सवारी साधन र बचत निक्षेप खाता रोक्का राखी लगानी गरेको पाईन्छ ।साथै बिना धितो र सामुहिक जमानीमा पनि ऋण प्रवाह गरेको पाईन्छ ।सम्पुर्ण ऋणहरु ऋण उप समितिले निर्णय गरि संचालक समितिमा हरेक नियमीत बैठकहरुमा अनुमोदन गरेको पाईयो ।धितो राखी अधिकतम प्रतिव्यक्ती पचास लाख रुपैया सम्म अधिकतम समय १० वर्ष,सामुहिक जमानीमा प्रतिव्यक्ती(महिला सदस्यहरुलाई मात्र)अधिकतम दुई लाख रुपैया सम्म अधिकतम समय २ वर्ष सम्म र लघु व्यवसाय गर्न व्यवसाय प्रमाणपत्र धितोमा ऋणको वर्गीकरण अनुशार प्रतिव्यक्ती अधिकतम पाँच लाख रुपैया सम्म अधिकतम समय ५ वर्ष सम्म ऋण प्रवाह गरेको पाईयो । विधि र प्रकृया पूरा गरि समूह जमानी र धन/व्यक्तीगत जमानतको आधारमा सदस्यहरुलाई लगानी गरिएको बिनाधितो ऋण समेत संन्तोषजनक रहेको पाईयो तर समुह जमानतको लघुवित्त ऋण असुलीमा कडाई गर्नुपर्ने देखिन्छ ।

४.२ संस्थामा हाल खराब ऋण ६.७३ प्रतिशत रहेको पाईयो जस अन्तर्गत १ वर्ष भन्दा बढी भाखा नाघेको सदस्य संख्या ५९ जनाको रु ६३,९४,२९३.२४ र ६ महिना माथी र १ वर्ष भन्दा कम समयको भाखा नाघेको सदस्य संख्या १९ जनाको रु २९,४८,२७८.०० र ६ महिना सम्म भाखा नाघेका ६ जनाको रु ४,२१,९७६.०८ गरि कुल जनाको कुल खराब ऋण रु. ९७,६४,५४७.३२ रहेको पाईयो ।असल ऋण २७४ जनाको ९३.२७ प्रतिशत पाईयो ।

(५)नियामक निकायबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी सङ्क्षीप्त विवरण :-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण,नेपाल राष्ट्र बैकं,सहकारी विभाग, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट सहकारी संघ सस्थाहरुलाई विभीन्न मितिहरुमा विविध मापदण्ड,निर्देशन र मार्गदर्शन जारी गरिएको छ ।यस सम्बन्धमा यस संस्थाको संचालक समिति,लेखा समिति,विभीन्न उप समितिहरु र कर्मचारीहरु बीच सही समयमा जानकारी गरि/गराई पालनको लागि आवश्यक कदम चालेको देखिन्छ ।

(६)सहकारी कार्यालय,विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरि दिएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्यवन सम्बन्धी विवरणहरु :-

आ.व.०८१/०८२ अन्तर्गत मिति २०८२/०१/०४ मा गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले यस संस्थाको अनुगमन निरीक्षण गरि मिति २०८२/०१/१६ गते १७ वटा निर्देशनात्मक सुझावहरु दिएको थियो ।जसमध्ये बुदा नं.७ अनुशारको संरक्षीत पूँजी फिर्ताकोषको रकम कारोबारको आधारमा वितरण गर्नुपर्नेमा जगेडा कोषमा सारीएको छ,बुदा नं.१४ अनुशार आइ एम इ को-अपरेटिभमा जम्मा भएको रकम फिर्ता गर्न भनिएता पनि अहिले सम्म फिर्ता भएको देखिदैन बाँकी अन्य सम्पुर्ण बुदाका सुझावहरु पूर्ण कार्यान्वय भएको पाईयो र केही पालना गर्ने चरणमा रहेको देखियो।

(७)पधाधिकारीहरुको पारिश्रमिक,भत्ता र अन्य सुविधाहरुको विवरणः-

७.१ संस्थाको पदाधिकारीहरुलाई नियमीत रुपमा पारिश्रमिक वितरण गरिएको छैन ।

७.२ साधारण सभाको निर्णय बमोजिम समिति र लेखा सुपरिवेक्षण समितिको नियमानुशार बैठक बस्ने गरेको र मासिक रुपमा जनही बैठक भत्ता रु१००० /- संचार भत्ता रु. १०००/- लिएको छ । यसरी वितरण गरिएको भत्तामा नियमानुशार करकट्टी गरेको छ ।

(८) कर्मचारी सम्बन्धी व्यवस्थाः-

८.१ कर्मचारी प्रशासन सम्बन्धी नियमावली २०७२ प्रयोगमा ल्याईएको ।

८.२ भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको :-संचालक समितिले व्यवस्थापक सहित ४ जनाको कर्मचारी भर्ना छनौट तथा पदपुर्ति उप समिति मार्फत लिखित,मौखिक तथा प्रयोगात्मक परिक्षा लिई कर्मचारी नियुक्ती गर्ने गरेको ।

८.३ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको ।

(९)लेखा तथा सुपरिवेक्षण समितीले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्यवनको अवस्थाः–

लेखा तथा सुपरिवेक्षण समितिले समय समयमा सञ्चालक समिति लाई विभिन्न सुझाबहरु दिइएकोमा अधिकांश सुझाबहरुको सहज रुपमा कार्यान्वयन भएको छ । र केही कार्यान्वयनको चरणमा रहेको पाईयो ।

(१०)लेखा तथा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरुः–

१०.१ लेखाको हिसाब प्रचलीत दोहोरो लेखा प्रणली तथा आधुनिक सफ्टवेयर (कोशीस) को माध्यमबाट स्पष्ट सगँ राखिएको छ।

१०.२ सस्थाले शत प्रतिशत सदस्यहरुको डाटा कोपोमिसमा इन्ट्री गरेको र कोपोमिस मार्फत नै प्रतिवेदनहरु नियामक निकायलाई पठाउने गरेको पाईयो ।

१०.३ संस्थाले मासिक प्रतिवेदन समयमै नियमीत प्रकाशन गर्दै आएको ।

१०.४ पर्ल्स अनुगमन बमोजिम हिसाब परिक्षणमा संस्थाको अधिकाशं सुचांकहरु सकारात्मक रहेका छन ।

१०.५ आयकर ऐन बमोजिम संस्थाले बुझाउनुपर्ने सबै प्रकारका करहरु दाखिला गरि ईटिडिएस समेत गरेको छ।

१०.६ आन्तरिक लेखापरिक्षणका क्रममा सोधनी पुछनी भएका कुराहरुको कर्मचारी व्यवस्थापनबाट स्पष्ट जानकारी पाईयो ।

१०.७ संरक्षीत पूँजीफिर्ता कोषको बाँकी रकम आ.व.०८१/०८२ मा जगेडा कोषमा एकमुष्ट रकमान्तर गरेको पाईयो।

१०.८ संस्थाले ऋण जोखिम कोषको लागि आवश्यक शतप्रतिशत रकम ऋण नोक्सानी कोषमा व्यवस्था गरेको पाईयो।

१०.९ संस्थाको संस्थागत पूँजी अनुपात कम्तीमा १० प्रतिशत हुनुपर्नेमा २१.३२ प्रतिशत भएको पाईयो जुन अत्यन्तै प्रशंसनीय छ ।

१०.१० लेखा सुपरिवेक्षण समितिले बेलाबेलामा भल्ट चेक जाँच गर्दा भल्ट रकम विवरण यथार्थ रहेको ।

१०.११ लेखालाई नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप व्यवस्थित गर्ने कामको थालनी भएको छ ।

१०.१२ देशमा विद्यमान आर्थिक मन्दी,शिथिलता,सहकारी प्रतिकुल अवस्था,सदस्यहरुको बिग्रदो आर्थिक अवस्थाले संस्थाले आ.व.०८१/०८२ मा लिएको लक्ष्य अनुशार उपलब्धी नभएको देखिन्छ ।यसकारण प्रतिफल पनि कम भएको देखिन्छ ।

(११) समिति,सल्लाहकार,उप समिति र कर्मचारीहरुले लिएको ऋणको विवरण र भाखा नाघेको अवस्था:-

| विवरण | समिति | सल्लाहकार | उप समिति | कर्मचारी |
|---|---|---|---|---|
| जम्मा संख्या | ९ | ५ | २९ | १० |
| ऋण लिएको | २ | १ | २ | १ |
| भाखा नाघेको | ० | ० | ० | ० |

१२)लेखा समितिको सुझावहरु:-

१२.१ संस्थाले रणनीतिक योजना बनाई लागू गर्नु पर्ने देखिन्छ ।

१२.२ खराब ऋण असुलीमा जोड दिनुपर्ने देखिन्छ ।

१२.३ संस्थामा निश्कृय सदस्यहरुलाई सकृय बनाउन सदस्य शिक्षा दिनुपर्ने देखिन्छ ।

१२.४ मोबाईल बैकिङ्ग सेवालाई अधिक शेयर सदस्यहरुसगँको पहुँचमा पुराउनुपर्ने देखिन्छ ।

१२.५ समुदायमा सहकारीता र वित्तीय साक्षरता बारे बुझाउनुपर्ने देखिन्छ ।

१२.६ संस्थामा अधिक तरलता देखिएकोले प्रभावकारी व्यवस्थापनको लागि सुझाव दिईन्छ ।

१२.७ उत्पादनमुलक र आयमुलक क्षेत्रमा ऋण लगानी बढाउनुपर्ने देखिन्छ ।

१२.८ कर्जा सदुपयोगीता निरीक्षण नियमीत रुपमा गर्नुपर्ने ।

१२.९ केही सदस्यहरुको KYM फर्म र स्वघोषण फर्म अझै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

१२.१० सबै सदस्यहरुलाई नियमीत बचत अनिवार्य गराउनुपर्ने देखिन्छ ।

१२.११ गैह्र बैकिङ्ग सम्पत्तीलाई समयमै व्यवस्थापन गरि आगामी वर्ष सदस्यहरुलाई उचित प्रतिफल दिन समितिलाई सुझाव दिईन्छ ।

१२.१२ समितिहरु,सल्लाहकारहरु,विभीन्न उप समितिहरु सहित त्रैमासिक रुपमा संयुक्त बैठक बसी लक्ष्य र उपलब्धीको मुल्याकंन गरि अगाडी बढ्न सुझाव दिईन्छ ।

**शेयर सदस्य महानुभावहरु**

हामीले राष्ट्रिय सहकारी नियमन प्राधिकरण,नेपाल राष्ट्र बैकं,सहकारी विभाग,गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले जारी गरेको मापदण्ड, निर्देशन,मार्गदर्शन,प्रचलीत लेखा निति,सहकारी ऐन तथा नियमावली र संस्थाको विनियम तथा अन्य आन्तरिक नीतिहरुको परिधिभित्र रहेर नियमित रुपमा आन्तरिक लेखा परिक्षण र सुपरिवेक्षणका कामहरु सम्पन्न गरेका छौं । संस्थागत सुशासन कायम गराउने काममा हामीले आफ्नो तर्फबाट सम्पूर्ण कार्य सम्पादन गरेका छौं ।

अन्त्यमा यस काममा सहयोग गर्ने सबैलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

जय सहकारी । जय शुभलक्ष्मी सहकारी ।

| | | |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |
| श्री नुवादत्त अर्याल | श्री शेषकान्त खनाल | श्री टोप बहादुर गुरुङ्ग |

## तेह्रौं वार्षिक साधारण सभा २०८२

## तेह्रौं वार्षिक साधारण सभामा व्यवस्थापक श्री लेख बहादुर के.सी. ज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन २०८२

मितिः-२०८२/०६/२५ गते शनिबार

यस श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को तेह्रौं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू,संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु,लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु,प्रमुख सल्लाहकारज्यू,सल्लाहकारज्यूहरु,ऋण उप समिति,शिक्षा उप समिति,महिला परिचालन उप समिति,अनुगमन उप समिति,लघुवित्त व्यवस्थापन उप समितिका संयोजक तथा सदस्यज्यूहरु,लघुवित्त केन्द्र प्रमुख ज्यूहरु,आदरणीय शेयर सदस्यज्यूहरु,कर्मचारी मित्रहरु,पत्रकार ज्यूहरु तथा सुरक्षाकर्मी ज्यूहरु सम्पूर्णमा न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

आदरणीय अध्यक्ष ज्यू,

यस संस्थाको मिति २०८२/०३/३२ सम्मको प्रगती विवरण(वित्तिय स्थिती विवरण,नाफा नोक्सान विवरण),आ.व.०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन र नीति तथा कार्यक्रम सहित आ.व.०८२/०८३ को अनुमानीत आर्थिक विवरणहरु(बजेट) पेश गर्न अनुमती चाहन्छु ।

वित्तिय स्थिती विवरण (यसै पुस्तिकाको पछाडीको पाना नं. ३० बमोजिम)

नाफा नोक्सान विवरण (यसै पुस्तिकाको पछाडीको पाना नं. ३१ बमोजिम)

लेखापरिक्षकको प्रतिवेदन(यसै पुस्तिकाको पछाडीको पाना नं. २८-३३ बमोजिम)

१.नीति तथा कार्यक्रमको मूख्य क्षेत्र र प्राथमिकीकरण :

चालु वर्षको लागि निम्न बमोजिम नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखी योजना बनाईएको छ ।

१.१ सुशासन,पारदर्शीता र वित्तीय अनुशासनलाई प्राथमिकता दिईनेछ ।

१.२ सहकारीलाई नाफामुखी भन्दा सेवामुखी व्यवसायमा केन्द्रित गराईनेछ ।

१.३ साना तथा मझौला ऋण लगानी नीतिलाई प्रोत्साहन गरिनेछ ।

१.४ ऋण लगानीको लागी नयाँ नयाँ क्षेत्रहरुको खोजी गरिनेछ ।

१.५ सदस्य विस्तारमा जोड दिईनेछ ।

१.६ प्रविधीमैत्री सेवालाई सबै सदस्य माझ विस्तार गरिनेछ ।

१.७ आवधिक बचत भन्दा नियमीत बचतको अनुपात बृद्दीमा जोड दिईनेछ ।

१.८ सदस्य,संचालक,उप समिति तथा कर्मचारीहरुलाई शिक्षा,तालीम र भ्रमण व्यवस्था मिलाईनेछ ।

१.९ शुभलक्ष्मी सहकारी संस्थालाई समुदायको पहिलो रोजाईको दिगो संस्था बनाईनेछ ।

२. प्रस्तावित कार्यक्रम तथा योजना :

२.१ शेयर सदस्य तथा शेयर पूँजी वृद्धि :

आ.व.०८१/०८२ मा ४०० सदस्य विस्तार गरि कुल सदस्य संख्या २४०० पुऱ्याइनेछ र शेयर पूँजी बढीमा दुई करोड बीस लाखमा सिमित राखीनेछ । यसका लागि समुदायस्तरमा सहकारी प्रवेश पुर्व अभिमूखीकरण शिक्षा सञ्चालन गरिनेछ ।

२.२ बचत निक्षेप संकलन तथा व्यवस्थापन :

बचत निक्षेपमा कम्तिमा २५ प्रतिशतले वृद्धि गरिनेछ भने मासिक अनिवार्य बचतको रकममा वृद्धि गराईनेछ । हरेक सदस्यलाई सहकारी शिक्षा दिई नियमीत बचत अनिवार्य गर्ने गरि नियमीत बचत बृद्दीमा जोड दिईनेछ ।

३ ऋण लगानी तथा असुली योजना:

३.१.)कुल ऋण लगानी कम्तिमा ३० प्रतिशतले वृद्धि गरिनेछ । यस वर्ष थप १०० जना सदस्यमा ऋण सेवा प्रदान गरिनेछ । भाखा नाघेको ऋणलाई ५ प्रतिशत भित्र कायम गरिनेछ ।साना तथा मझौला ऋण फाईलहरुलाई प्राथमिकतामा राखी लगानी गरिनेछ ।

३.२.) सदस्यको आयस्रोत हेरी बढीमा १० वर्ष सम्मको भुक्तानी अवधि र ६ महिना सम्मको ग्रेस पिरियडको सुवीधा दिई सदस्यलाई ऋणमा सहजीकरण गरिनेछ । उत्पादनमूलक, आयमूलक र कृषि क्षेत्रमा ऋण लगानी केन्द्रित गरिनेछ । ऋण लगानीको नयाँ क्षेत्रहरु खोजी गरिनेछ ।

३.३.) असल ऋणी सदस्यलाई तिरेको व्याजमा १ प्रतिशत सम्म छुट दिने नयाँ निति अबलम्बन गर्ने र भाखा नघाएका ऋणीलाई भाखा नाघेको ऋण रकममा ४ प्रतिशत हर्जाना लिने नीतिलाई निरन्तरता दिईनेछ । समयावधि भित्र ऋण भुक्तानी नगर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।

३.४) लगानी पूर्व अनिवार्य परामर्श, जोखिम पहिचान, आम्दानी पहिचान, धितोको अवस्था, लगानीको क्षेत्र, वित्तीय साक्षरता र ऋण सदुपयोगिता जस्ता विषयहरुलाई आधार लिई ऋण लगानीको मन्त्रको रुपमा अंगीकार गरिनेछ ।

४ समुह जमानत ऋण कार्यक्रम :

यस वर्ष खराब र कम सदस्य संख्या भएका लघुवित्त केन्द्रहरु खारेज गरि असल केन्द्रहरुलाई मात्र निरन्तरता दिईनेछ ।समुह जमानतमा लगेको ऋण असुलीमा विशेष जोड दिईनेछ । समुह जमानत ऋण लगानी कार्यक्रमलाई महिलाहरुको वित्तीय साझेदार अभियानको रुपमा लगिनेछ ।कार्यक्रममा आवद्ध केन्द्र प्रमुखहरुको गोष्ठी गरि अनुभव आदान प्रदान गरिनेछ ।पुरुष सहितको समुह जमानत ऋण कार्यक्रमलाई जोड दिईनेछ ।कृषक समुहहरु गठन गर्नलाई जोड दिईनेछ ।खराब लघुवित्त केन्द्रहरुमा खराब ऋण चुक्ताको सम्बन्धीत समुहका सदस्यहरु मिलेर आएमा ब्याज र हर्जनामा संचालक समितिबाट ऋणी सदस्यको आर्थिक अवस्था र केन्द्रको प्रभावकारीता हेरि निर्णय गरि केही छुटको व्यवस्था मिलाई सहजीकरण गरिनेछ ।

५ विप्रेषण (रेमिट्यान्स) सेवा :

संस्थामा आवद्ध सदस्यहरुको लागि विप्रेषण (रेमिट्यान्स) सेवालाई थप प्रभावकारी बनाईनेछ । यस वर्ष ७०० बढी सदस्य तथा सेवाग्राहीलाई रेमिट्यान्स सेवा प्रदान गरिनेछ । रेमिट्यान्सबाट भुक्तानी लिने स्थानीयलाई संस्थाको सदस्य बनाईनेछ ।

६ क्षमता अभिवृद्धि कार्यक्रम :

